बैठक संख्या १८

**मिति २०७५ साल बैसाख ९ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:**

१. चालु आ.व. मा स्वीकृत भएका वडास्तरीय योजना तथा कार्यक्रमहरु संशोधन गर्न सिफारिस भई आएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी तपशिल बमोजिम संशोधन गर्ने ।

| वडा नं. | साविक योजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| ९ | नागरिक सचेतना केन्द्रमा चिस्यान केन्द्र निर्माण | ७०,०००/- | मिलन गजुरमुखी महिला तथा बालबालिका केन्द्रको भवन निर्माण | ७०,०००/- |
| ८ | मजुरे पुच्छारको गैरोपैनी मुहान मर्मत | ५०,०००/- | विष्णु कोइरालाको घर उत्तर प्लम्ब निर्माण | १७,५००/- |
| | मार्शल नागरिक सचेतना केन्द्र भौतिक पूर्वाधार व्यवस्थापन | २०,०००/- | पांग्रेपैनी मर्मत | १७,५००/- |
| | | | बरडाँडा तल्लो पैनी अधुरो स्लाप मुहान मर्मत | ३५,०००/- |

२. चालु आ.व.मा विभिन्न योजना तथा कार्यक्रममा विनियोजित रकमहरु मध्ये हाल सम्म खर्च हुन नसेकेका तथा अधुरा योजनाहरुमा बाँकी रहेको रकम रकमान्तर गरी अन्य विभिन्न योजना तथा कार्यक्रममा बाँडफाँड गर्नका लागि आवश्यक गृहकार्य गरी आगामी बैठकमा पेश गर्ने गरी निम्न बमोजिमको एक कार्यदल गठन गर्ने ।

नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य-संयोजक

पूर्वाधार विकास समिति संयोजक श्री रमेशकुमार दर्जी-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा-सदस्य

ईञ्जिनियर श्री निरज अधिकारी -सदस्य

लेखा अधिकृत श्री मदनकुमार पौडेल-सदस्य

३. यस नगरपालिका अन्तर्गत सञ्चालन भईरहेका रु ५ लाख भन्दा माथिका योजना तथा कार्यक्रमहरुको अन्तिम फरफारक हुनु अघि अनिवार्य सामाजिक लेखा परीक्षण (Social Audit ) गर्ने र सोको आधारमा फारफारक गर्ने ।

४. यस नगरक्षेत्र भित्र रहेका निम्न बमोजिम नदिहरुबाट नदिजन्य पदार्थ उत्खननका लागि निम्न स्थानहरुबाट प्रारम्भिक वातावरणीय मूल्यांकन गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने तथा यस नगरपालिकामा सूचिकृत फर्महरु मध्ये न्यून अंकमा सो कार्य गर्न कबोल गर्ने फर्मलाई जिम्मेवारी दिने व्यवस्था मिलाउने ।

निम्न:

-बिरिङ नदि,टाङटिङ,सुखानी,सानो नेते,ठूलो नेते,गोयाङ

५. नेपाल पर्यटन बोर्डबाट चालु आ.व. ०७४/०७५ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सुखानी शहिद स्मृति उद्यान गुरुयोजना निर्माण तथा पूर्वाधार विकासका लागि अर्जुनधारा नगरपालिका वडा नं. ९ का लागि रु १५,००,०००/- (रु पन्ध्र लाख मात्र) रकम विनियोजन भएकोमा उक्त कार्यक्रम बमोजिम प्रक्रिया अघि बढाउन बोर्डसँग समन्वय गर्न सम्पर्क व्यक्तिको रुपमा श्री हर्कराज राईलाई तोक्ने ।

नगर प्रमुख

६. यशोदा निरौला स्मृति प्रतिष्ठानबाट स्वास्थ्य विमा गर्नका लागि सो प्रतिष्ठानले ५० घर अतिविपन्न परिवारको स्वास्थ्य विमा गर्न प्रतिवद्धता सहित थप ६० घरपरिवारको विमाका लागि नगरपालिका समक्ष रकम माग भई आएकाले सो कार्यक्रमको लागि नगरपालिकाले व्यहोर्नुपर्ने रु १,५०,०००/- (एक लाख पचास हजार मात्र ) विनियोजन गर्ने ।

७. जिल्ला प्राविधिक कार्यालय, झापा र नगरपालिकाको साझेदनरीमा निर्माण हुने गौमुखी खोलामा झोलुङ्गे पुल निर्माणका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम रु २०,००,०००/- (बीस लाख मात्र) व्यहोर्न प्रतिबद्धता जनाई सो को जानकारी सम्बन्धित निकायमा पठाउने ।

८. यस नगरपालिकको दीगो रुपमा फोहोर मैला व्यवस्थापन गर्नका लागि ल्याण्डफिल साइट छनौट, व्यवस्थापन तथा अन्तर नगरपालिका समन्वय गरी बढीमा १ महिना भित्र प्रतिवेदन पेश गर्ने गरी निम्नानुसारको कार्यदल गठन गरी जिम्मेवारी दिने ।

वडाध्यक्ष, वडा नं. ४, श्री दुर्गाप्रसाद दाहाल -संयोजक
वडाध्यक्ष, वडा नं. ३, श्री जीवकुमार भण्डारी-सदस्य
वडाध्यक्ष, वडा नं. ६, श्री लोकनाथ गौतम-सदस्य
वातावरण तथा विपद् व्यवस्थापन समिति-श्री लक्ष्मी तामाङ्ग
नगर सभा सदस्य, श्री कुन्दन भट्टराई-सदस्य
दहिझोडा सामुदायिक वन अध्यक्ष-श्री खड्ग सुब्बा

९. यस नगरपालिकाका नगरप्रमुख तथा नगर उप प्रमुखको सचिवालय व्यवस्थापनका लागि बिल भपाई बमोजिम भुक्तानी हुने गरी मासिक क्रमशः रु २५ हजार र १५ हजार उपलब्ध गराउने ।साथै, सचिवालयमा कार्यरत प्रेस सल्लाहकार तथा स्वकिय सचिवलाई नियमानुसार दैनिक भत्ता तथा भ्रमण भत्ता उपलब्ध गराउने ।

१०. अर्जुनधारा -९ स्थित खरबन्दिमा खरबन्दि आमन्त्रित महिला तथा पुरुष जिल्ला स्तरीय कराँते प्रतियोगिता सञ्चालनका लागि रु ६५,०००/- (पैसठी हजार मात्र) उपलब्ध गराउने ।

११. नेपाल सरकारबाट स्वीकृत यस नगरपालिकाको अन्तरिम दरबन्दि तेरिज अनुसार मौजुदा कार्यरत कर्मचारीहरुलाई सो अनुसार शाखामा व्यवस्थापन तथा जिम्मेवारी तोक्न आवश्यक व्यवस्था मिलाउने ।साथै, नगर कार्यपालिका कार्यालय अन्तर्गत रहेको जिन्सी शाखालाई थप व्यवस्थित बनाउन सफ्टवेयर जडान प्रक्रिया अघि बढाउने ।

नगर प्रमुख

बैठक संख्या १८

आज मिति २०७५ साल बैसाख ९ गते आइतबार अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री | हरिकुमार राना | अध्यक्ष |
| २ | नगर उपप्रमुख | श्री | कमला खतिवडा आचार्य | सदस्य |
| ३ | वडाध्यक्ष | श्री | गजाधर खतिवडा | सदस्य |
| ४ | वडाध्यक्ष | श्री | रघुनाथ खनाल | सदस्य |
| ५ | वडाध्यक्ष | श्री | जीवकुमार भण्डारी | सदस्य |
| ६ | वडाध्यक्ष | श्री | दुर्गाप्रसाद दाहाल | सदस्य |
| ७ | वडाध्यक्ष | श्री | ध्यानबहादुर भारती | सदस्य |
| ८ | वडाध्यक्ष | श्री | लोकनाथ गौतम | सदस्य |
| ९ | वडाध्यक्ष | श्री | नवराम ढुङ्गाना | सदस्य |
| १० | वडाध्यक्ष | श्री | गोपीचन्द्र गौतम | सदस्य |
| ११ | वडाध्यक्ष | श्री | पुष्पकुमार प्रसाई | सदस्य |
| १२ | वडाध्यक्ष | श्री | बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य |
| १३ | वडाध्यक्ष | श्री | भैरवबहादुर खड्का | सदस्य |
| १४ | सदस्य | श्री | लक्ष्मी तामाङ्ग | सदस्य |
| १५ | सदस्य | श्री | हरिमाया भण्डारी | सदस्य |
| १६ | सदस्य | श्री | शकुन्तला बराल | सदस्य |
| १७ | सदस्य | श्री | दिलमाया शिवा | सदस्य |
| १८ | सदस्य | श्री | खिनमान दर्जी | सदस्य |
| १९ | सदस्य | श्री | रमेशकुमार दर्जी | सदस्य |
| २० | सदस्य | श्री | दिलिप गुरुङ्ग | सदस्य |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री | राधाकृष्ण खतिवडा | सदस्य सचिव |
| २२ | प्रदेश सभा सदस्य | | माननीय श्री वृख प्रधान | आमन्त्रित |
| २३ | वरिष्ठ कार्यक्रम तथा योजना अधिकृत | श्री | हिमराज सेढाई | आमन्त्रित |
| २४ | खरिदार | श्री | सौजन कटुवाल | आमन्त्रित |
| २५ | स्व सचिव | श्री | गजेन्द्र खनाल | आमन्त्रित |
| २६ | स्व सचिव, नगर उपप्रमुख | श्री | पुष्पा पौड्याल | आमन्त्रित |

०३/०५

नगर प्रमुख